# 'सुरक्षित भविष्यको लागि सञ्चय कोष'

**कर्मचारी सञ्चय कोष स्थापनाको ५७ औं वर्ष प्रवेशको सुखद अवसरमा समस्त सञ्चयकर्ता तथा सुभेच्छुक महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्दै कोषको संक्षिप्त झलक सगौरब प्रस्तुत गर्दछौं ।**

१. **सञ्चयकर्ता संख्या : ६ लाख ।**

२. **कोषकट्टी गरी पठाउने कार्यालय संख्या : २५ हजार ६ सय**

३. **कोषका कार्यालयहरु :**

- केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर
- ठमेल कार्यालय : सञ्चयकर्ता सेवा सम्बन्धी सम्पूर्ण कारोबार हुने मुख्य कार्यालय
- शाखा कार्यालयहरु : धनकुटा, विराटनगर, जनकपुर, हेटौंडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत र धनगढी
- सेवा केन्द्रहरु : सिंहदरवार, काठमाडौं र केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर

४. **आ.व. २०७४/०७५ को कोषको वित्तीय अवस्था:** (लेखापरीक्षण हुन बाँकी)

- सञ्चय कोष मौज्दात : रु.२ खर्ब ७८ अर्ब ७५ करोड
- अन्य दायित्व तथा व्यवस्था : रु.३ अर्ब ७७ करोड
- कुल लगानी : रु.२ खर्ब ८७ अर्ब ७८ करोड
- जगेडा कोष : रु.१० अर्ब ११ करोड
- कुल श्रोत : रु.२ खर्ब ९२ अर्ब ६३ करोड

५. **सञ्चयकर्तालाई उपलब्ध सेवाहरु :**

**५.१ सञ्चित रकममा ब्याज प्रदान** : ब्याजदर ८.२५ प्रतिशत ।

**५.२ मुनाफा प्रदान** : आर्थिक बर्ष २०७३/७४ को खुद मुनाफाबाट सञ्चय कोष शुरु मौज्दातको आधारमा ०.७५ प्रतिशतले मुनाफा बाडफाँड गरि सञ्चयकर्ता बेतन कर्णाली हाइड्रोपावर कम्पनी लि.को शेयर लगानी गर्ने प्रयोजनको लागि ।

**५.३ सापटी सुविधाहरु :**

- **विशेष सापटी** : सञ्चय कोष मौज्दातको ८० प्रतिशतसम्म ।
- **घर सापटी :** घर निर्माण गर्न वा घर खरिद गर्न घर/जग्गाको धितोमा अधिकतम १५ वर्षको तलबमा नवढ्ने गरी रु. १ करोड सम्म ।
- **शैक्षिक ऋण** : घर जग्गाको धितोमा सञ्चयकर्ता वा निजको पति/पत्नी/छोरा/छोरीले स्वदेश वा विदेशमा उच्च शिक्षा हासिल गर्नका लागि अधिकतम रु. २५ लाखसम्म ।
- **सञ्चयकर्ता सरल चक्र कर्जा:** घर तथा जग्गाको धितोमा १० बर्षको तलवमा नबढ्ने गरी रु. ३० लाखसम्म ।
- **घरमर्मत सापटी:** घर मर्मत गर्न घरजग्गाको धितोमा अधिकतम ५ वर्षको तलवमा नबढ्ने गरी रु. २५ लाख रुपैयाँसम्म ।

**५.४ सामाजिक सुरक्षा कार्यक्रमहरु :**

- **दुर्घटना क्षतिपूर्ति योजना :** सञ्चयकर्ताको सेवाकालमा दुर्घटनामा परी मृत्यु वा पूर्ण अङ्गभङ्ग भएमा रु. १ लाख २५ हजार ।
- **काजक्रिया अनुदान खर्च :** सञ्चयकर्ताको सेवाकालमा मृत्यु भएमा हकवालालाई एकमुष्ट रु. ३० हजार ।
- **औषधि उपचार सहयोग कार्यक्रम:** साधारण उपचारमा रु. २५ हजार र कडा रोगको उपचारमा रु. ५० हजारसम्म ।
- **सुत्केरी तथा शिशु हेरचाह योजना :** प्रति प्रसुती रु. ७ हजार ५ सयका दरले २ पटकसम्म ।

६. **कोषको प्रतिवद्धता र भावी योजना :**

- कोषको कार्यक्षेत्र र दायरामा बिस्तार गरी कोषलाई सामाजिक सुरक्षाको अग्रणी संस्थाको रुपमा विकास गर्ने ।
- कोषको दीर्घकालीन वित्तीय स्रोतको दिगो व्यवस्थापनका लागि आवास तथा पूर्वाधार विकासका क्षेत्रको लगानीलाई प्राथमिकता दिई राष्ट्रको आर्थिक विकासमा योगदान गर्ने ।
- सूचना तथा सञ्चार प्रणालीको प्रभावकारी उपयोग, कार्यप्रकृयाको सरलिकरण एवम् अन्य सरोकारवाला निकायहरुसँग साझेदारी र सहकार्य गरी सञ्चयकर्तालाई प्रविधिमैत्री एवम् गुणात्मक सेवा प्रदान गर्ने ।
- प्रभावकारी कोष व्यवस्थापन (Fund Management) र प्राप्त प्रतिफलको न्यायोचित बाँडफाँडको माध्यमबाट सञ्चयकर्तालाई आकर्षक प्रतिफल सहित सामाजिक सुरक्षा प्रदान गर्ने ।
- मौजुदा संगठन संरचनाको पूनरावलोकन, सूचना प्रणालीमा सुधार एवम् दक्ष तथा उच्च मनोबलयुक्त मानव संसाधनको विकास गर्दै कोषको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

**कोषको वार्षिक उत्सवको सुखद अवसरमा सबै संघ, संस्था तथा कम्पनीहरुलाई आ-आफ्ना कामदार/कर्मचारीहरुको सञ्चय कोष कट्टी गरी कोषमा आवद्ध हुन हार्दिक आग्रह गर्दछौं ।**

**कर्मचारी सञ्चय कोष**
**केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर ।**